# थुलुङ दुधकोशी राजपत्र

थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित

## भाग-१

### सूचना १

# थुलुङ दुधकोशी गाउँपालिकाको शिक्षा ऐन, २०७५

प्रमाणिकरण मिति : २०७५/०३/१०

**प्रस्तावना** : आधारभुत तथा माध्यमिक शिक्षाको जग बलियो बनाउदै गुणस्तरीय शिक्षाको माध्यमबाट स्थानीय तहको विकास तथा राष्ट्र निर्माणको गतिलाई अगाडी बढाउन सक्षम एवं प्रतिस्पर्धी जनशक्ति तयार गर्न र विद्यालय शिक्षा बाहिर रहेकाहरुलाई शिक्षाका अनौपचारिक माध्यमबाट सबल बनाउन नेपालको संविधानको धारा २२६, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र दफा १०२ को अधिकार प्रयोग गरी गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :

(१) यस ऐनको नाम "थुलुङ दुधकोशी गाउँपालिकाको शिक्षा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन थुलुङ दुधकोशी गाउँपालिका भित्र लागू हुनेछ।

(३) यो ऐन कार्यपालिकाले राजपत्रमा प्रकाशन गरे पश्चात प्रारम्भ हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमति" भन्नाले तोकिए बमोजिमको शर्त तथा मापदण्ड पुरा गरेको विद्यालयलाई विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न कार्यपालिकाले दिएको स्थायी वा अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ख) "अनौपचारिक शिक्षा" भन्नाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई दिइने शिक्षा सम्झन' पर्दछ ।

(ग) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको बाबु वा आमा वा बाजे वा बज्यै, सासु वा ससुरा र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(घ) "अभिभावक शिक्षा" भन्नाले अभिभावकहरूलाई दिइने शिक्षा जनाउँछ ।

(ङ) "आधारभुत विद्यालय" भन्नाले खण्ड (च) बमोजिम शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(च) "आधारभुत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) "आधारभुत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभुत तहको अन्त्यमा लिइने परीक्षा सम्झनु पर्छ ।

(ज) "आवासीय विद्यालय" भन्नाले तोकिएको पुर्वाधार विकास गरी आवास सहितको सुविधा प्रदान गर्ने विद्यालयलाई जनाउँछ ।

(झ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ञ) "कार्यपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ट) "कार्यालय" भन्नाले थुलुङ दुधकोशी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई जनाउँदछ ।

(ढ) "निरन्तर शिक्षा" भन्नाले साक्षरोत्तर शिक्षा पूरा गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झनु पर्दछ ।

(ण) "अध्यक्ष" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकृतलाई सम्झनु पर्छ ।

(थ) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले ३ देखि ४ वर्ष उमेर पुरा भएका समूहको बालबालिकाको लागि शारीरिक, मानसिक र बौद्धिक विकास गर्न खोलिएका बाल विकास केन्द्र वा शिशु कक्षा वा नर्सरी कक्षा वा किन्डर गार्डेन सम्झनु पर्छ ।

(द) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक तथा व्यवसायिक शिक्षको माध्यमबाट सिपयुक्त जनशक्ति उत्पादनको लागि दिइने माध्यमिक शिक्षा सम्झनु पर्दछ ।

(ध) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (द) बमोजिम शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(न) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(प) "विद्यालय शिक्षा" भन्नाले आधारभुत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(फ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा,अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ब) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(भ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(म) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(य) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएकाबालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमारहि दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(र) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ल) "सामाजिक परीक्षण" भन्नाले विद्यालयको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झानु पर्छ ।

(व) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(श) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन, अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(स) "सार्वजनिक परीक्षण" भन्नाले विद्यालयमा भएको लागानीको सरोकारवालाहरुले गर्ने लेखाजोखा सम्झनु पर्छ ।

## परिच्छेद -२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण र विद्यालय पुर्वाधारको मापदण्ड

**३.शिक्षाको प्रकार :**

(१) गाउँपालिकामा प्रदान गरिने शिक्षा देहाय अनुसारका हुनेछन् -

(क) औपचारिक विद्यालय शिक्षा

(ख) अनौपचारिक शिक्षा

(ग) विशेष शिक्षा

(२) औपचारिक विद्यालय शिक्षामा देहाय अनुसारका तह हुनेछन् -

(क) ३ वर्ष पुरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र ४ वर्ष पुरा भएका बालबालिकाका लागि पूर्व प्राथमिक शिक्षा सहितको प्रारम्भिक बाल विकास केन्द्र,

(ख) ५ वर्ष उमेर पुरा भएका बालबालिकाका लागि कक्षा १ देखि उमेर अनुसार क्रमशः कक्षा ८ सम्मको आधारभुत विद्यालय शिक्षा,

(ग) १३ वर्ष उमेर पुरा भएका बालबालिकाका लागि कक्षा (देखि उमेर अनुसार क्रमश कक्षा १२ सम्मको माध्यमिक विद्यालय शिक्षा,

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको माध्यमिक शिक्षामा देहाय अनुसारको वर्गीकरण गरिनेछ :-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा .

(४) उपदफा (३) को खण्ड (ग) बमोजिमको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा व्यवहारिक तथा प्रयोगात्मक अभ्यासको लागि एक वर्षअवधि थप हुनेछ ।

(५) दफा (१) को खण्ड (ख) बमोजिमको शिक्षाको लागि गाउँपालिकाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्नेहरुका लागि प्रौढ शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था मिलाउनु पर्नेछ । गाउँपालिकाले अनौपचारिक शिक्षाका लागि आवश्यकता अनुसारको विधि अपनाउन सक्नेछ ।

(६) दफा (१) को खण्ड (ग) बमोजिमको विशेष शिक्षाका लागि गाउँपालिकाले दृष्टिविहीन, बहिरा,अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ । गाउँपालिकाको विशेष शिक्षा सम्बन्धित कार्यक्रमका लागि कुनै खास विद्यालयलाई छनौट गर्न सक्नेछ ।

**४. विद्यालयको वर्गीकरण :**

(१) विद्यालयलाई देहाय अनुसार वर्गीकरण गरिनेछ -

(क) शिशु कक्षा (प्रारम्भिक बाल विकास) देखि कक्षा ८ (आठ) सम्म कक्षा सञ्चालन गर्ने आधारभुत तहको विद्यालय ।

(ख) कक्षा ९ (नौ) देखि कक्षा १२ (बाह्र) सम्म कक्षा सञ्चालन गर्ने माध्यमिक तहको विद्यालय ।

(२) उपदफा (१) बमोजिमका आधारभुत तहको विद्यालय र माध्यमिक तहको विद्यालय भौतिक पूर्वाधार, शिक्षक तथा विद्यार्थीको संख्या तथा स्रोतको उपलब्धताका आधारमा एउटै विद्यालय वा अलग अलग विद्यालयमा सञ्चालन गर्न सकिनेछ ।

३) आधारभुत तहको विद्यालय र माध्यमिक तहको विद्यालयले आवश्यकता अनुसार प्रारम्भिक बाल विकास केन्द्र समेत सञ्चालन गर्न सक्नेछन् ।

**५. विद्यालय पूर्वाधारको मापदण्ड :**

(१) विद्यालयमा देहाय अनुसारको न्यूनतम मापदण्ड भएको हुनु पर्नेछ -

(क) आधारभूत विद्यालयका कक्षा कोठामाप्रति विद्यार्थी ०.७५ वर्गमिटर तथा माध्यमिक विद्यालयको कक्षा कोठामा प्रति विद्यार्थी १.०० वर्गमिटर शिक्षक र आवागमनका लागि पर्याप्तखुला ठाउँ हुनुपर्नेछ ।

(ख) अतिरिक्त कृयाकलापका लागि विद्यालय भवनले ओगटेको भूभाग बाहेक पर्याप्तखुला क्षेत्र हुनुपर्नेछ ।

(ग) बालबालिकाका लागि उमेर अनुसारको खेलकूद पूर्वाधार हुनु पर्नेछ ।

(घ) पाठ्यक्रम अनुसारको प्रयोगात्मक परिक्षाको लागि आवश्यक प्रयोगशाला तथा अभ्यास कक्ष हुनुपर्नेछ ।

(ङ) कक्षा कोठामा अधिकतम तीस जना विद्यार्थी हुनु पर्नेछ,

(च) कक्षा ३ सम्मको विद्यालय शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम दुई जना, कक्षा पाँच सम्म शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम तीन जना र सो भन्दा माथि शिक्षा प्रदान गर्ने विद्यालयमा प्रत्येक विषयका लागि न्यूनतम एक-एक जना शिक्षक हुनु पर्नेछ । विद्यार्थी संख्या र कक्षाको सेक्शनका आधारमा एउटा शिक्षकलाई दैनिक बढीमा छ वटा मात्र कक्षा पर्ने गरी विषय शिक्षकथप गर्नु पर्नेछ ।

(छ) छात्र तथा छात्राका लागि अलग अलग शौचालय तथा शौचालयमा पर्याप्त पानी हुनु पर्नेछ ।

(ज) विद्यालय परिसर सफा र हरियालीयुक्त हुनुपर्नेछ ।

(झ) विद्यार्थीका लागि कम्तीमा डेढ फिट चौडाई भएको र पाँच फिट लामो डेस्क र सो डेस्कको आकार सुहाउँदो नापको बेञ्चको व्यवस्था गर्नु पर्नेछ । एउटा डेस्क बेञ्चमा तीन जना विद्यार्थी राख्न सकिनेछ ।

(ञ) कक्षा कोठामा पर्याप्त भेन्टिलेसन तथा प्रकाशको व्यवस्था हुनु पर्नेछ ।

(ट) विपत्तिको बेला विद्यार्थी शिक्षक तथा कर्मचारी सुरक्षित रुपमा बाहिर निस्कने वैकल्पिक निकास हुनुपर्नेछ ।

(२) छात्रावास राख्ने विद्यालयले उपदफा (१) का अतिरिक्त देहायका थप मापदण्ड पुरा गर्नु पर्नेछ :-

(क) छात्र तथा छात्राका लागि अलग अलग छात्रावास तथा अलग अलग वार्डेनको व्यवस्था भएको हुनु पर्नेछ ।

(ख) छात्रावासको कोठाको न्यूनतम साईज पन्ध्र वर्गमीटर हुनु पर्नेछ र एउटा कोठामा बढीमा तीन जना छात्र वा छात्रा अट्ने गरी खाट, टेबल र कुर्सीको व्यवस्था हुनु पर्नेछ

(ग) छ जना छात्र वा छात्रा बराबर एक शौचालय तथा शौचालयमा पर्याप्त पानीको व्यवस्था हुनु पर्नेछ ।

(घ) छात्रावासमा बस्ने छात्र वा छात्राको उमेर बाह्र वर्ष पुरा भएको हुनुपर्नेछ । तर बाबु आमा वा अरु कुनै अभिभावक नभएको अनाथ वा अन्य उपयुक्त कारण भएका बालबालिकालाई बाह्र वर्ष नपुगेकै कारणले छात्रावासमा राख्न बाधा पर्ने छैन ।

(३) विद्यालयले कार्ययोजना बनाई चार वर्ष भित्रमा उपदफा (१)र (२) मा तोकिएको विद्यालय तथा छात्रावासको न्यूनतम मापदण्ड पुरा गर्नु पर्नेछ । विद्यालयले सो कार्ययोजना यो ऐन लागू भएको ६ महिनाभित्रमा कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) गाउँपालिकाले सामुदायिक विद्यालयमा उपदफा (१) र (२) बमोजिमको विद्यालयको न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको ६ महिना भित्रमा कार्ययोजना बनाई उपदफा (३) मा तोकिएको अवधिभित्र कार्यान्वयन गरिसक्नु पर्नेछ ।

(५) संस्थागत विद्यालयले उपदफा (१) र (२) बमोजिमको न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको छ महिनाभित्रमा कार्ययोजना बनाई उपदफा (३) मा तोकिएको अवधिभित्र आफैंले कार्यान्वयन गरिसक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कार्ययोजनाको गाउँपालिकाले अनुगमन तथा मूल्यांकन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(७) उपदफा (१) मा तोकिएको विद्यालयको न्यूनतम मापदण्ड पुरा गाउँ नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न पाइने छैन ।

## परिच्छेद-३

## विद्यालयको अनुमति, समायोजन, सञ्चालन, व्यवस्थापन तथा नियमन

### ६. विद्यालय खोल्ने अनुमति सम्बन्धी व्यवस्थाः

(१) समुदाय, व्यक्ति वा संस्थाले नयाँ विद्यालय खोल्न वा विद्यालयले तह वा कक्षा थप गर्न आवश्यक देखेमा अनुमतिको लागि वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको अवस्थामा शिक्षा अधिकृतले तोकिएको मापदण्ड पुरा भएको देखेमा आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन गाउँ शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ

(३) उपदफा (२) बमोजिम गाउँ शिक्षा समितिको बैठकले अनुमति दिन उपयुक्त भएमा आवश्यक शर्त सहित अनुमति प्रदान गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने वाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम अनुमति दिँदा आधारभूत तहको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा एक महिनाअगावै दिनुपर्नेछ र माध्यमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई अगावै अनुमति दिनुपर्नेछ ।

(६) विद्यालयहरूको अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

(७) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी प्रक्रिया र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ ।

**७.प्राविधिक तथा व्यावसायिक शिक्षाको अनुमति एवं रद्द गर्ने सम्बन्धी विशेष व्यवस्थाः**

(१) गाउँपालिकाले प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि अनुबन्धन दिने अधिकारप्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको अनुबन्धनका आधारमा मापदण्ड पुरा गर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्ने छ ।

(२) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले सन्तोषजनक रुपमा तोकिएका कार्य नगरेमा गाउँ कार्यपालिकाले त्यस्तो अनुमति रद्द गर्न सक्नेछ ।

तर अनुमति रद्द गर्न अघि त्यस्ता संस्थालाई सफाईको मौका दिनुपर्नेछ ।

**८.गाउँ शिक्षा समितिको गठनः**

(१) गाउँपालिका क्षेत्रभित्रका विद्यालय शिक्षाको गुणस्तर सुधार, रेखदेख र व्यवस्थापन गर्न आवश्यक नीतिगत सुझाव दिनदेहाय वमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) संयोजक, सामाजिक विकास समिति - सदस्य

(ङ) गाउँ शिक्षा समिति अध्यक्षद्वारा मनोनित गाउँ कार्यपालिकाको एक महिला र एक दलित समेत गरी २ जना सदस्य -सदस्य

(च) संस्थागत विद्यालयहरूको प्रतिनिधित्व गर्ने संस्थाहरूमध्येवाट समितिको अध्यक्षद्वारा मनोनित एक जना प्रतिनिधि -सदस्य

(छ) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समिति अध्यक्षद्वारा मनोनीत एक जना अध्यक्ष -सदस्य

(ज) सामुदायिक विद्यालयमा कम्तिमा १० वर्ष स्थायी सेवा गरेका शिक्षकहरू मध्येबाट आधारभूत तह र माध्यमिक तहको प्रतिनिधित्व हुनेगरी समितिको अध्यक्षले मनोनित कम्तिमा एक जना महिला सहित २ जना -सदस्य

(झ) समाज सेवी, शिक्षाविद् र चन्दादाताहरू मध्येबाट समितिद्वारा मनोनीत एक महिला सहित २ जना -सदस्य

(ञ) नेपाल शिक्षक महासंघको गाउँ अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ट) शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) गाउँ शिक्षा समितिको वैठक कम्तिमा वर्षको दुईपटक र आवश्यकतानुसार बस्न सक्नेछ ।

(४) मनोनीत सदस्यको पदावधि मनोनित भएको मितिले दुई वर्षको हुनेछ ।

तर मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**९. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा ५ बमोजिम गठित गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) गाउँपालिका क्षेत्रभित्र स्वच्छ एवम् शान्त शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न आवश्यक कार्ययोजना स्वीकृत गर्ने,

(ख) विशेष आवश्यकता भएकाहरुका लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ग) विद्यालयलाई आर्थिक सहयोग उपलब्ध गराउन गाउँपालिकामा सिफारिस गर्नेत था विद्यालयहरूलाई क्रमशः आर्थिक रुपमा आत्मनिर्भर बनाउन योजना बनाई कार्यान्वयन गर्ने र गराउने,

(घ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(ङ) विद्यालयको सम्पत्तिको सुरक्षागर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(च) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमहरूलाई सहयोग गर्ने,

(छ) विद्यालयको लेखापरीक्षण प्रतिवेदन अन'सार अनियमितता देखिएमा तोकिए अनुसारको कारबाही गर्ने/ गराउने,

(ज) तोकिएको भन्दा न्यून विद्यार्थी संख्या भएमा वा विद्यालय नै नचाहिने भएमा वा विद्यालयमा नियम विपरित बारम्बार कार्य गरेमा आवश्यक प्रकृया पूऱ्याएर त्यस्ता विद्यालय बन्द गर्ने,

(झ) शैक्षिक क्यालेण्डर बनाउने र सो बमोजिम विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ञ) गाउँपालिका क्षेत्रलाई उत्कृष्ट शैक्षिक गन्तव्य केन्द्रको रुपमा विकास गर्ने,

(ट) गाउँस्तरीय खेलकुद, स्काउट, सहक्रियाकलाप र अतिरिक्त क्रियाकलाप तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने,

(ठ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ड) गाउँ सभावाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने,

(ढ) विद्यालयले कायम गर्नु पर्ने न्यूनतम् सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(ण) प्रत्येक वर्ष गाउँ क्षेत्रभित्रको दरवन्दी मिलानकार्य तथा नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न वा तह थपको अनुमति दिन वा विद्यालय गाभ्न आवश्यक व्यवस्था गर्ने,

(त) गाउँपालिका क्षेत्रभित्र विशेष आवश्यकता भएका सडक तथा होटल मजदुर बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि शिक्षाको आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यालय सुधार तथा बिकासका लागि निर्देशन गर्ने,

(द) विद्यालयमा न्यूनतम् पूर्वाधार पूरा गरेका विद्यालयलाई प्राविधिक तथा व्यावसायिक कक्षा सञ्चालन गर्न अनुमति दिने ।

**१०. वडा शिक्षा समिति :**

(१) वडा क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति हुनेछ ।

(क) वडाध्याक्ष वा निजले तोकेको सदस्य -अध्यक्ष

(ख सम्बन्धित वडा क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडा शिक्षा समितिले मनोनीत गरेको एकजना अध्यक्ष - सदस्य

(ग) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट वडा शिक्षा समितिले मनोनीत एकजना दलित र एकजना महिला सदस्य सहित २ जना -सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट सम्बन्धित वडाले मनोनीत गरेको एकजना प्रध्यानाध्यापक - सदस्य

(ङ) सम्बन्धित वडा स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने

विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी वडा शिक्षा समितिबाट मनोनीत एक जना - सदस्य

(च) सम्बन्धित वडाको गाउँ कार्यपालिका सदस्य - सदस्य

(छ) सम्बन्धित स्रोतव्यक्ति वा स्रोत व्यक्ति नभएको अवस्थामा वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। तर मनोनीत सदस्यले आफ्नो पद अन'सारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधी समिति आफैंले निर्धारण गर्न सक्नेछ।

**११. वडाशिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार :**

(१) यस ऐनमा अन्यत्र लेखिए देखि बाहेक वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) वडाभित्रका विद्यालयहरुको शैक्षिक क्रियाकलाप तथा मापदण्ड पालना गरे नगरेको अनुगमन गर्ने,

(ख) शिक्षक र कर्मचारीका लागि स्वीकृत दरबन्दी अनुसारका रिक्त पदहरुमा पदपुर्तिका लागि सिफारिस गर्ने,

(ग) छात्रवृत्तिका लागि उपयुक्त उम्मेदवारलाई सिफारिस गर्ने,

(घ) छात्रवृत्तिको विवरण अद्यावधिक गर्ने,

(ङ) भर्ना अभियान संचालन गर्ने,

(च) विकासका साझेदारबाट हुने सहयोग सिफारिस गर्ने,

(छ) वडा शिक्षा क्यालेण्डर बमोजिम विद्यालय संचालनका लागि समन्वय गर्ने,

(ज) विद्यालयहरुमा पाठ्यपुस्तक समयमै पुगे नपुगेको अनुगमन गर्ने,

(झ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन गर्ने,

(ञ) ट्यशन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको व्यवस्थापन गर्ने,

(ट) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन गर्ने

(ठ) विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने,

(ड) स्थानीय स्तरका खेलकुद संरचनाको संरक्षण गर्ने,

(ण) विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार पालना नगरेको पाईएमा सचेत गराउने र सचेत गराउदा समेत तोकिए बमोजिम नगरे नगराएमा आवश्यक कारबाहीका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(त) गाउँ शिक्षा समितिबाट तोकिएका अन्य कार्यहरु गर्ने ।

**१२. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरूले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना अभिभावक - सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनय गरेको वडा सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी वा विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना व्यक्ति - सदस्य

(घ) वडा कार्यालयद्वारा मनोनीत गरेको सम्बन्धित सेवा क्षेत्र भित्रका शिक्षाप्रेमी वा अभिभावक मध्ये कम्तिमा एक जना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएका एकजना शिक्षक -सदस्य

(च) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(१.१) वि.व्य.स. अध्यक्ष सम्बन्धी व्यवस्था: माथि उल्लेखित (क) नम्बर बुँदाबाट चुनिएका चार सदस्य मध्ये गाउँ शिक्षा समितिले आवश्यक मापदण्ड बनाई एक सदस्यलाई अध्यक्ष तोक्ने छ ।

(२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति लाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) गाउँ कार्यपालिकाबाट खटिएर आएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि गाउँ शिक्षा समितिको प्रतिनिधि, विद्यालयका चन्दादाता,संस्थापक, समाजसेवी, शिक्षाविद् र अभिभावकहरूको भेला गराई शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमहरुको सम्बन्धमा जानकारी गराउने र विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्याय सम्बन्धमा तोकिए बमोजिम सार्वजनिक परीक्षण गराई गाउँ शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन कार्यालयमा पेश गर्ने,

(झ) विद्यालयको लागि चाहिने आवश्यक आर्थिक स्रोत जुटाउने,

(ञ) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(ट) रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिको लागि पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा अनुमति माग गर्ने/गराउने,

(ठ) विद्यालय निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ड) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक  देखिएमा कार्यालयमा अनुरोध गर्ने,

(ढ) शिक्षक एवम् कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,

(ण) तोकिए बमोजिम प्रक्रिया र स“चकह?को आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(त) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा तोकिए बमोजिम पदाधिकारी रहेको बढीमा ११ सदस्य शिक्षक अभिभावक संघ गठन गर्ने,

(थ) गाउँ शिक्षा तथा वडा शिक्षा समिति दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने र गराउने ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम निर्वाचित चार मध्ये एकलाई गाउँ शिक्षा समितिले उपयुक्त मापदण्डका आधारमा अध्यक्षको जिम्मेवारी तोक्ने छ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी नतोकिएसम्म वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिले सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई सो समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट
निजहरुको सिफारिसमा मनोनित व्यक्तिएक जना    -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिला समेत पर्ने गरी अभिभावक भेलाबाट मनोनीत व्यक्ति दुईजना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट सम्बन्धित वडा समितिले मनोनित एकजना महिला सहित दुई जना -सदस्य

(घ) शिक्षा अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कार्यालयको अधिकृत वा शिक्षा शाखाको कर्मचारी एक जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(७) मनोनित सदस्यको पदावधि मनोनीत भएको मितिले तीन वर्षको हुनेछ । तर निज सदस्यहरूले आफ्नो पद अनुसारको आचरण गाउँको देखिएमा त्यसरी मनोनयन गर्ने पदाधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(८) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) प्रचलित कानून बमोजिम तोकिएको गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नेपाल सरकार र प्रदेश सरकारलले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब उपलब्ध गराउने,

(ज) अनुशासनहिन शिक्षक उपर कारबाही गर्ने,

(झ) नेपाल सरकार र प्रदेश सरकारको कान“नी निर्देशनहरूको पालना गर्ने,

(ञ) कम्तिमा दश प्रतिशत बालबालिकाहरुलाई निशूल्क पठन पाठनको गराउने,

(ट) गाउँ शिक्षा समितिले निर्धारण गरको मापदण्ड अनुसार मात्र शुल्क लिने र लिन लगाउने, (ठ) तोकिए बमोजिम प्रक्रिया र सूचकहरुको आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(ड) गाउँ शिक्षा समिति दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने र गराउने ।

(ढ) विद्यालयमा विद्युतीय प्रणालीबाट शिक्षण गराउन वातावरण मिलाउने,

(ण) अभिभावक शिक्षाको लागि व्यवस्था गर्ने,

(त) शिक्षक अभिभावक संघ गठन गर्ने,

(थ) गाउँ शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने र गराउने,

(९) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(१०) विद्यालय व्यव्सथापन समितिको आफ्नै छाप र लेटर प्याड हुनेछ ।

(११) उपदफा (१०) बमोजिमको छाप र लेटर प्याड विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रयोग हुनेछ ।

(१२) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिकास्तरका उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि समेत सदस्य रहनेछन् ।

**१३. व्यवस्थापन समितिको पदाधिकारी हुन नसक्ने** :

(१) देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ,

(ङ) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा रहेको

**१४.विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** :

(१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा वा हिनामिना गरेमा आधारभुत तहसम्मका विद्यालयको विद्यालय व्यवस्थापन समिति गाउँ शिक्षा समितिको अनुमतिमा वडा शिक्षा समितिले विघठन गर्न सक्नेछ । र अन्यको हकमा वडा शिक्षा समितिको सिफारिसमा वा अत्यावश्यक भएमा गाउँ शिक्षा समितिले सिधै त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई विघठन गर्न सक्नेछ ।

तर त्यसरी विघटन गर्नु अघि उक्त समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन गर्न नभएको अवस्थामा तत्कालको लागि कार्य सञ्चालन गर्न गाउँ शिक्षा समितिले तोकिए बमोजिमको एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**१५. विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) गाउँ शिक्षा समितिले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप वा तह थप गरी सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(२) विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने वा बन्द गर्ने आधार र प्रकृया तोकिए बमोजिम हुनेछ ।

(३) कुनै विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयको तह वा कक्षा घटाउन सक्नेछ ।

(४) कुनै विद्यालय अर्को विद्यालयमा गाभिने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य

शैक्षिक सामग्रीको विवरण अद्यावधिक गरी गाभिए पश्चात अस्तित्वमा रहने विद्यालयको हस्तानान्तर एवं जिन्सी दाखिला गरी अभिलेखमा आम्दानी बाँध्नु पर्नेछ ।

**१६. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक विद्यालयमा एक शिक्षक अभिभावक संघ हुनेछ ।

(२) उपदफा (१) बमोजिमको संघ गठन गर्ने दायित्व सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(३) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाको शर्त तथा योग्यता

**१७. शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था :**

(१) विद्यालय व्यवस्थापन समितिले विद्यालयका लागि विद्यार्थी संख्या र तोकिएको आधारमा आवश्यक दरबन्दी पहिचान गरी वडा शिक्षा समितिमा पेश गर्नु पर्नेछ र वडा शिक्षा समितिले आवश्यक निर्णय गरी कार्यालयमा लेखि पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको अवस्थामा वा कार्यालयले आवश्यक देखेको खण्डमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी संख्या, अध्ययन-अध्यापनका विषय तथा वित्तीय स्रोतको सुनिश्चितता समेतका आधारमा कार्यालयले सामुदायिक विद्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यालयलाई आवश्यक पर्ने स्थायी तथा करारका दरबन्दीको प्रस्ताव तयार गरी गाउँ शिक्षा समितिमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा गाउँ शिक्षा समितिले जस्ताको त्यस्तै वा परिमार्जन सहित दरबन्दी स्वीकृत गर्न सक्नेछ ।

**१८. शिक्षकको सेवाको शर्त :**

(१) शिक्षकको सेवाका शर्त देहाय बमोजिम हुनेछन् :

(क) शिक्षकले आफू नियुक्त भएको विषयको अनिवार्य रुपमा अध्यापन गर्नु पर्नेछ ।

(ख) आफू विदा बस्नु परेको अवस्थामा विद्यालय प्रशासनसँग समन्वय गरी अध्यापनको वैकल्पिक व्यवस्था गराउनु पर्नेछ । तर यो उपदफाको प्रयोजनका लागि कुनै पनि किसिमले नयाँ शिक्षक भर्ना गर्न पाइने छैन ।

(ग) शिक्षकले विद्यालयको शैक्षिक पात्रो अनुरुप आफ्नो विषयको शैक्षिक योजना विद्यालय प्रशासनबाट स्वीकृत गराई पालना गर्नु पर्नेछ ।

(घ) शिक्षकले तोकिएको आचार संहिता पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको शर्त पालना गर्नु शिक्षकको कर्तव्य हुनेछ ।

(३) शिक्षकको सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

**१९. कर्मचारीको सेवाको शर्त :**

(१) विद्यालयका कर्मचारीको सेवाका शर्त देहाय बमोजिम हुनेछन् :

(क) विद्यालयमा नियमित उपस्थित भई दैनिक प्रशासनिक कार्य गर्नु पर्नेछ ।

(ख) विद्यालयका शिक्षक, कर्मचारी एवं विद्यार्थीको लगत तथा अभिलेख अद्यावधिक बनाई राख्नु पर्नेछ

(ग) आफू विदा बस्नु परेको अवस्थामा प्रधानाध्यापकसँग स्वीकृति लिनु पर्नेछ ।

(घ) प्रधानाध्यापकले विद्यालय प्रशासनसँग सम्बन्धि तोकेका अन्य कार्य गर्नु पर्नेछ ।

(ङ) कर्मचारीले तोकिएको आचार संहिता पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको शर्त पालना गर्नु कर्मचारीको कर्तव्य हुनेछ ।

(३) कर्मचारीको सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

**२०. शैक्षिक योग्यता :** विद्यालयको शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता प्रचलित कानून बमोजिम हुनेछ ।

**२१. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक विद्यालयले अन्य कार्यमा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा प्रचलित कानून बमोजिमको अन्य काममा खटाउन सकिनेछ ।

**२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** : विदा स्वीकृत गराई बसेको वा शैक्षिक प्रयोजनका लागि काजमा रहेको वा दफा (१९) को उपदफा (२) बमोजिमको काममा खटिएको अवस्था बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

## परिच्छेद-५
## शिक्षक तथा कर्मचारीको नियुक्ति, वृत्ति विकास, सजाय तथा सेवाको सुरक्षा

**२३. शिक्षक तथा कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था :** शिक्षक तथा कर्मचारीको नियुक्ति प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक प्रणालीबाट मात्र गर्न सकिनेछ ।

**२४. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था** :

(१) गाउँपालिका क्षेत्रभित्र एक विद्यालयवाट अर्को विद्यालयमा, समान तह तथा विषय मिल्ने दरवन्दीमा शिक्षकको सरुवा गर्न सकिनेछ ।

(२) शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा गरिनेछ ।

(३) एक पटक सरुवा भएको शिक्षकलाई सरुवा भएको विद्यालयमा सामान्यतया कम्तीमा तीन वर्ष सेवाअवधि पूरा नभई सरुवा गरिनेछैन ।

(४) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा गाउँपालिका अध्यक्षको अनुमतिमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष कारणवस कुनै शिक्षकलाई सरुवा नगरी नहुने स्थिति परेमा त्यसको कारण खुलाइ गाउँपालिका अध्यक्षको अनुमति वा निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो गाउँपालिका क्षेत्रभित्र यस दफा बमोजिमको प्रक्रिया पूरा गरी सरुवा गर्न सक्नेछ ।

**२५. अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्वन्धी** :

(१) अन्तर स्थानीय तह वा अन्तर जिल्ला सरुवाको लागि सरुवा भईजान चाहेको विद्यालय र सम्बन्धित स्थानीय तहको कार्यालय तथा आफू सेवारत विद्यालयको सरुवा सहमतिको सिफारिस सहित निवेदन पेश हुन आएमा र सामान्यतया तीन वर्ष स्थायी सेवा अवधि पुरा भएको शिक्षकलाई सरुवाको सहमति दिइने छ ।

(२) उपदफा (१) बमोजिमको सरुवाका लागि गाउँ शिक्षा समितिको सहमति आवश्यक पर्नेछ ।(३) अन्तर स्थानीय तह वा अन्तर जिल्ला सरुवा सम्बन्धी व्यवस्था संघीय वा प्रदेश शिक्षा ऐन वा कानून बमोजिम हुनेछ ।

**२६. करार शिक्षक नियुक्तिको अनुमति सम्बन्धी** :

(१) विद्यालयमा रिक्तरहेको दरवन्दीमा शिक्षक नियुक्ति गर्न व्यवस्थापन समितिको निणर्य सहित कार्यालयमा विज्ञापनको लागि अनुमति माग भएमा त्यस्तो नियुक्तिको प्रक्रिया अगाडी बढाउन अनुमति दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएको अवस्थामा तोकिए बमोजिमको प्रतिस्पर्धा प्रणालीबाट मात्र करारमा शिक्षक नियुक्त गर्नु पर्नेछ ।

**२७. सामुदायिक विद्यालयमा करार शिक्षक छनौट तथा सिफारिस समिति** :

(१) सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्तिका लागि छनौट तथा सिफारिस गर्न गाउँकार्यपालिकामा एक शिक्षक छनौट तथा सिफारिस समिति रहनेछ :

(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

(ख) शिक्षा अधिकृत वा गाउँ कार्यपालिकाले तोकेको कर्मचारी -सदस्य

(ग) विषय विज्ञ दुई जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) करार शिक्षक छनौटको कार्य कार्यालयले तोकेको स्थान सञ्चालन हुनेछ ।

(३) शिक्षक छनौट तथा सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) सम्बन्धित स्रोत व्यक्तिलाई करार शिक्षक नियुक्तिका लागि छनौट तथा सिफारिस समितिमा आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

२८. **सामुदायिक विद्यालयमा कर्मचारीको करार नियुक्ति सम्बन्धमाः** विद्यालयमा कर्मचारीहरूको करार नियुक्ति सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२९. **शिक्षक तथा कर्मचारीको तालिम सम्बन्धी व्यवस्था** : गाउँपालिकाले माग र आवश्यकताका आधारमा कार्यक्रम तथा कार्ययोजना बनाई तालिम सञ्चालन गर्न सक्नेछ ।

३०. **शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा** : विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको शर्त प्रचलित कानून बमोजिम हुनेछ ।

३१. **शिक्षकको अनुशासन र आचरणः** विद्यालयल शिक्षकको अनुशासन र आचरण प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

३२. **शिक्षक तथा कर्मचारीले गर्न नहुने गरी निषेध गरिएको :**

(१) विद्यालयका शिक्षक तथा कर्मचारीले देहायका कार्य गर्न पाउने छैन :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गर्न,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गर्न,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गन,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गर्न,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गर्न,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिन,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गर्न,

(ज) विद्यालयको सम्पत्ति हिनामिना वा मस्यौट गर्न,

(झ) मादक पदार्थ तथा सुर्तिजन्य पदार्थ सेवन गरी विद्यालयमा उपस्थित हुन,

(ञ) कुनै राजनीतिक दलको सदस्यता लिन र राजनैतिक गतिविधीमा समेल हुन,

(ट) विद्यालयसंग प्रत्यक्ष सम्बन्ध नराख्ने संघसंस्थाहरु, सामुदायिक वन जस्ता निकायमा सामेल हुन,

(२) उपदफा (१) को कार्य गर्ने शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले प्रचलित कानूनको प्रकृया अपनाई कारवाहीको प्रकृया अगाडि बढाउनु पर्नेछ ।

**३३. सजाय तथा पुनरावेदन :** विद्यालयका स्थायी शिक्षक तथा कर्मचारीको सजाय तथा पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**३४. गाउँ परीक्षा समितिः**

(१) आधारभूत तहको अन्तमा लिइने परीक्षाको सञ्चालन र व्यवस्थापनको लागि देहायको एक गाउँ परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट गाउँ शिक्षा समितिको सिफारिसमा एक महिला सहित अध्यक्षद्वारा मनोनित २ जना शिक्षक - सदस्य

(ग) अध्यक्षले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना - सदस्य

(घ) शिक्षा अधिकृत वा शिक्षा शाखाको कर्मचारी -सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि मनोनित भएको मितिले तीन वर्षको हुनेछ ।

तर मनोनत सदस्यको कार्य सन्तोषजनक नभएमा अध्यक्षले जुनसुकै समयमा हटाउने सक्नेछ । तर त्यसरी हटाउनु अघि त्यस्तो मनोनित सदस्यलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

**३५. गाउँ परीक्षा समितिको काम, कर्तव्य र अधिकारः**

(१) गाउँ परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) परीक्षा केन्द्र तोक्ने,

(ग) आवश्यकता अनुसार विद्यालयलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(घ) परीक्षाफल प्रकाशित गर्ने तथा परीक्षार्थीलाई प्रमाण पत्र दिने,

(ङ) बजेटको वाँडफाँड गर्ने, संस्थागत विद्यालयको परीक्षा शुल्क निर्धारण तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिहरूको पारिश्रमिक निर्धारण गर्ने,

(च) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अन'सार परीक्षा वदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र वन्द गर्ने,

(छ) प्राकृतिक प्रकोप वा कुनै विपत वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्त आवश्यक निर्णय लिने,

(ज) गाउँ शिक्षा समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**३६. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :**

(१) गाउँ परीक्षा समितिले आधारभुत तहको अन्तिम परीक्षा सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(२) गाउँ शिक्षा समितिले माध्यमिक तहको परीक्षा सञ्चालनका लागि आवश्यक समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) वाहेकका परीक्षा सञ्चालन गाउँ परीक्षा समितिले निर्धारण गरेको मापदण्ड वमोजिम विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

## परिच्छेद-७

## विविध

**३७.शिक्षाको माध्यम :**

(१) विद्यालय शिक्षाको माध्यम नेपाली वा अग्रेजी वा दुवै भाषा हुनेछ ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ । मातृभाषाको प्रवर्द्धनको लागि गाउँपालिकाले विशेष अनुदानको व्यवस्था गर्नेछ ।

(३) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**३८.प्रारम्भिक बालविकास केन्द्र स्थापनाः**

(१) कुनै संस्था वा विद्यालयले प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्न तोकिएको मापदण्ड तथा प्रक्रिया पुरा भई अनुमति दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी वडा समितिले अनुमति दिन सक्नेछ ।

तर गाउँपालिकालाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा गाउँ कार्यपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) कुनै संस्थाले उपदफा (२) बमोजिम तोकिएको शर्त अनुरूप प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन नगरेमा वडा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

तर त्यसरी रद्द गर्नु अघि त्यस्तो संस्थालाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**३९. विद्यालयको सम्पत्ति** :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

(२) यस ऐन बमोजिम अनुमति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको चल अचल सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा गाउँपालिकाले सामुदायिक वा सार्वजनिक हितका अन्य कार्यमा प्रयोग गर्न सक्नेछ ।

(३) सामुदायिक विद्यालयले शैक्षिक अभिवृद्धिका लागि अचल सम्पति प्रयोग गर्न सक्नेछ । अचल सम्पतिको व्यवसायिक प्रयोग गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(४) सामुदायिक विद्यालयको चल सम्पति शैक्षिक अभिवृद्धिका लागि प्रयोग गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भए बमोजिम हुनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पति प्राप्त गर्नु अघि गाउँ कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(६) गाउँपालिका क्षेत्रभित्र स्वदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त चल अचल सम्पति शिक्षण संस्थाकै नाममा हुनुपर्नेछ । यदि कसैले व्यक्ति या अन्यत्र राखेको खण्डमा यो ऐन लागू हुन साथ विद्यालयको नाममा हस्तान्तरण गर्नु पर्नेछ ।

**४०. विद्यालयलाई छुट र सुविधा :**

(१) सामुदायिक विद्यालयको नाममा सम्पत्तिको लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने भए गाउँपालिकाले त्यस्तो दस्तुरको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) शैक्षिक गुठीको रुपमा सञ्चान हुने संस्थागत विद्यालयको सम्पत्तिको लिखत पारित गर्दा गाउँपालिकामा कुनै दस्तुर लाग्ने छैन ।

**४१.शुल्क सम्बन्धी व्यवस्था** :

(१) प्रचलित कानूनले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा शुल्क लिन पाउने छैन ।

(२) संस्थागत विद्यालयले गाउँ शिक्षा समितिले तोकिएको मापदण्ड बमोजिम शुल्क निर्धारण गर्नुपर्नेछ

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन बाधा पर्ने छैन ।

**४२.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति, जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । त्यसरी प्रदान गरिएको छात्रबृत्तिको विवरण विद्यालयमा सार्वजानिक गरी एक प्रति गाउँपालिकाको कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(२) व्यवस्थापन समितिले उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

**४३. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्ने पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले तोकिएको मापदण्ड पुरा गर्ने विद्यालयलाई विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा वा खुला शिक्षा मध्ये सञ्चालन गर्नका लागि अनुमति प्रदान गर्न सक्नेछ ।

(४) विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मुल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

**४४.धार्मिक विद्यालय सम्बन्धमाः**

(१) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था गाउँपालिका, प्रदेश र संघीय प्रचलित कानूनले तोकिए बमोजिम हुनेछ ।

**४५.अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयहरूले गाउँ शिक्षा समितिले निर्धारण गरेको मापदण्ड वमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(२) गाउँकार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सचालन गर्नुपर्नेछ ।

(३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्वन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) विद्यालयहरूले प्रत्येक शुक्रबार अपरान्ह पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

**४६. विद्यालय शिक्षक तथा विद्यार्थीको पोशाक सम्बन्धी व्यवस्था** :

(१) गाउँपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीको पोशाकमा एकरुपता ल्याउने गरी पोशाक निर्धारण गर्न सक्ने ।

(२) सामुदायिक तथा संस्थागत विद्यालयले उपदफा (१) बमोजिम निर्धारण भएको पोशाकको पालना गर्नु पर्नेछ ।

**४७.प्रधानाध्यापकको छनौट, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयका प्रधानाध्यपकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) प्रधानध्यापकको नियुक्ति कार्यअवधि, अनुभव, योग्यता, तालिम र व्यवस्थापन सीप समेतका आधार मानि तोकिए बमोजिम हुनेछ ।

(३) गाउँ शिक्षा समितिले विद्यालयको प्रशासनिक, शैक्षिक, व्यवस्थापकीय पक्ष लगायत अन्य पक्षहरुमा सुधार गर्ने प्रस्ताव आव्हान गरी शिक्षकहरु मध्येबाट प्रतिस्पर्धा गराई कार्य सम्पादन करारको आधारमा प्रधानाध्यापकको नियुक्ति गर्न सक्नेछ ।

**४८. पाठ्यक्रम र पाठ्यसामाग्री** :

(१) विद्यालयहरूमा पठन पाठन हुने पाठ्यक्रम प्रचलित कानून वमोजिम हुनेछ ।

(२) गाउँपालिकाले संघीय र प्रदेश कानून प्रतिकूल नहुने गरी आफ्नो विशिष्ट आवश्यकता बमोजिमका थप पाठ्यक्रम बनाई लागू गर्न सक्नेछ ।

(३) कार्यालयले आवश्यक कार्ययोजना समयमै सहज रुपमा विद्यार्थी समक्ष पाठ्य सामाग्री उपलब्ध गराउनु पर्नेछ ।

**४९. विद्यालयको विदा सम्वन्धमाः**

(१) कार्यपालिकाले नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादाम्यता कायम हुने गरी विद्यालयको सार्वजनिक विदा निर्धारण गर्न सक्नेछ ।

(२) विद्यालयले कार्यपालिकाले निर्धारण गरे बमोजिम एक शैक्षिकसत्रमा हिउँदे बिदा वा वर्षेबिदा वा दुवैगरी वढीमा चालीस दिनसम्म विदा दिन सकनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिले कार्यपालिकाको स्वीकृति लिई एक शैक्षिक वर्षमा बढीमा ५ दिन स्थानीय आवश्यकता अनुसार विद्यालयमा विदा दिन सक्नेछ ।

(४) यस नियममा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

(५) आधारभुत विद्यालयका शिक्षकको बिरामी विदा र भैपरी विदाको नियमन वडा शिक्षा समितिले र माध्यमिक शिक्षकको विरामी विदा र भैपरी विदाको नियमन प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

**५०. अनुदान कटौती गरिने** : विद्यालयले तोकिएको अबधिसम्म शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा गाउँपालिकाले तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

**५१. लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षणः** विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५२. अनुमति लिनु पर्ने** :

(१) कुनै संस्था वा व्यक्तिले देहयाको शिक्षासँग सम्बन्धित देहायका सेवा सञ्चालनको लागि कार्यालयको स्वीकृति लिनु पर्नेछ :-

(क) विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा,

(ख) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा ।

(२) उपदफा (१) का सेवालाई सेवा व्यवसायका रुपमा गाउँपालिकामा दर्ता गराई सञ्चालन गर्नु पर्नेछ ।

(३) गैरसरकारी संघसंस्थाले भौतिक निर्माण, शिक्षक तालिम तथा शैक्षिक कार्यक्रम संचालन गर्दा कार्ययोजना सहित गाउँपालिकाबाट स्वीकृति लिएर सञ्चालन गर्नुपर्नेछ ।

**५३. अधिकार प्रत्यायोजन :**

(१) यस ऐन अन्तर्गत कुनै समिति वा पदाधिकारीले गर्ने भनी उल्लेख भएको अधिकार त्यस्तो समितिले उपसमिति वा पदाधिकारीलाई र पदाधिकारीले कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार अन्तर्गत भएका कार्यहरुको प्रतिवेदन अधिकार प्रत्यायोजन गर्ने समिति वा पदाधिकारी समक्ष वार्षिक रुपमा गर्नु प्रत्यायोजित अधिकार प्रयोग गर्ने उपसमिति वा पदाधिकारीको कर्तव्य हुनेछ ।

**५४. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यकता अनुसार नियमावली वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**५५.खारेजी र बचाउ** :

(१) यो ऐन बन्नु अघि कार्यपालिकाको निर्णय बाट भएका कार्य वा प्रचलित कानून बमोजिम भएका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
अबिलाल राई
प्रमुख प्रशासकीय अधिकृत